## मिति २०७९/०५/२९ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :** सडक तथा अन्य पूर्वाधार शाखा अन्तरगत आ.व. २०७८/७९ मा संचालन भइ सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजनाहरुको म्याद थपका लागि तपसिल अनुसार कार्यालयबाट पेश भए बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल,

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नं. | म्याद थप समय |
|---|---|---|---|
| १ | Road and Drain Construction at different Places, Ward no 18 | NSMC/NCB/W06/078/79 | २०७९/९/३० |
| २ | पुरानो डिप बोरिंगको मर्मत संहार कार्य | NSMC/NCB/W09/078/79 | २०७९/९/३० |
| ३ | Road Construction at different Places of NSMC,(Package 2) | NSMC/NCB/W07/078/79 | २०७९/१०/३० |
| ४ | Road Construction at different Places of NSMC,(Package 1) | NSMC/NCB/W05/078/79 | २०७९/१२/३० |
| ५ | Road Construction at different Places of NSMC,(Package 3) | NSMC/NCB/W08/078/79 | २०७९/१०/३० |
| ६ | Store Room construction work | NSMC/NCB/W02/078-079 | २०७९/९/३० |
| ७ | Nagar Bhawanko parishar bhitra byaparik bhawan nirman ra fire fighter garrage construction work | NSMC/NCB/W01/078-079 | २०८०/०२/३० |
| ८ | Preparation of Detailed Engineering Survey, Soil Investigation, Detailed Design Drawing, Cost Estimate and Preparation of Detailed Project Report of Shree Nepal Rastra Adharbhut Vidhaley(2 no. of ward of Nepalgunj Sub-Metropolitan | DPR/02/NSMC/2078-79 | २०७९/९/३० |
| ९ | बिद्यालय भवन निर्माण, वडा नं. १८ | उपभोक्ता समिति | २०७९/९/३० |
| १० | नयाबस्ति गनापुर, सानो नेपाल आलानगर झो.पू. निर्माण उपभोक्ता समिति | उपभोक्ता समिति | २०८०/२/३० |

**निर्णय नं. २ :**

यस नेपालगंज उप-महानगरपालिकाका नगर प्रमुख श्री प्रशान्त बिष्टलाई CityNet को 20th--233th 2022 मितिमा मलेशियामा सम्पन्न हुने नवौं "CityNet Congress 2022" मा भाग लिन प्राप्त मेल (पत्र) अनुसार उपमहानगरपालिकाबाट आर्थिक दायित्व नपर्ने गरी निजलाई सो "CityNet Congress 2022" मा सहभागिताका लागि सहमति दिने निर्णय गरियो ।



CamScanner

## मिति २०७९/०५/२९ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ३ :**

साविक नेपालगंज नगरपालिका वडा नं ४ हाल नेपालगंज उप-महानगरपालिका वडा नं ३ त्रिवेणी मोड नजिकै रहेको (चाईना बजार) सिट न. ०३५-१४५०-०७ कित्ता न. २५ को जग्गामा नेपालगंज उप-महानगरपालिकामा व्यवसाय दर्ता गरेका व्यवसायीबाट बिगतदेखि उठाई रहेको भाडा साविककै दरमा रोकिएको महिना देखि पुनः नियमित रुपमा उठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपालगंज उपमहानगरपालिकाको आ.ब.२०७८।७९को सघींय समपूरक अनुदान अन्तरगतका योजना Road Construction at different Places of NSMC,(Package 1) ठेक्का नं. NSMC/NCB/W05/078/79 को बिषयमा ३ नं. वडा कार्यालय को प.सं. ०७८।७९ च.नं.८२१ मिति २०७९।०२।२९ गतेको पत्रमार्फत वडा नं. ३ स्थित मेहेन्दी हसनको घर देखी प्रदीप गुप्ताको घर सम्म र वडाको अन्य बाटो बनाउने योजना रहेको सम्वन्धमा त्याहाँ टोल बासीहरुको लिखित निर्णय अनुसार बाटोको मापदण्ड कम्तीमा ६ मीटर नाला सहित बाटो बनाउन नसकेकोले उक्त अनुसार शिवालय मन्दिर निरको बाटो पि.सि.सि. नाला मर्मत र आवश्यकता अनुसार नयाँ नाला र ढक्कन निर्माणका लागि सिफारिस भइ आएको र ९ नं. वडा कार्यालयको प.सं.०७९।८० च.नं.१३९ मिति २०७९।०५।०९ गतेको पत्रमार्फत वडा नं. ९ आ.व.२०७८।७९ को योजनामा सि.नं. ३ तहाँ कार्यालयको रेकर्डमा दोहोरो पर्न गएको छ सि. नं. ४ को कार्य सम्पन्न गर्न स्थानीयबासीको सहमतिको छाँयाकपी सहित अनुरोध भई आएको हुदा वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

महेन्द्र पार्कको नजीक रहेको खानेपानी टंकी जिर्ण रहेको कारण सो आसपासका क्षेत्रमा जोखिम रहेको हुँदा उक्त टंकी ब्यवस्थापनका लागी खानेपानी संस्थानसंग सो संरचना ब्यवस्थापनका लागी समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय, नेपालगंजको कर छुट सम्बन्धको मिति २०७९।०५।२८ को प्राप्त पत्रानुसारको सम्पर्क कार्यालय रहेको भवनको नक्सा पास दस्तुर छुट गरी नियमानुसार नक्सा पास गरिदिने निर्णय गरियो ।



CamScanner

## मिति २०७९/०५/२९ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ७ :**

यस उपमहानगरपालिकाको प्रवक्तामा उपमहानगरपालिकाका कार्यपालिका सदस्य एवं वडा नं. १ का वडा अध्यक्ष श्री प्रमोद रिजाललाई तोक्ने र प्रेस सल्लाहाकारमा यस जिल्लामा क्रियाशिल पत्रकार श्री नवीन गिरीलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.१८ स्थित सुर्खेत रोड पूर्व खाद्य व्यवस्था तथा ब्यपार कम्पनी लि. सँग जोडिएको तरकारी मण्डी संचालनको लागि यस उप–महानगरपालिकाबाट अघिल्लो कार्यकालमा निर्धारण गरिएको प्रतिसटरको दररेट महंगो भै संचालन हुन नसकेकोले उक्त दररेट राजस्व परामर्श समितिबाट परिवर्तन गरिदिने भनि १८ नं. वडा कार्यालयबाट च.नं.२०७८/०७९ च.नं.२८७ मिति २०७९/०५/०१ को पत्रबाट लेखि आएकोले यस अघि मिति २०७९/१०/०६ गते राजस्व परामर्श समितिले निर्धारण गरेको दररेटमा २० प्रतिशत कम गरि भाडादररेट कायम गर्ने र बजार मूल्यमा बृद्धि भएको खण्डमा सोही बमोजिम पछि भाडा बृद्धि गर्ने गरि ब्यक्ति, फर्महरुसँग सम्झौता गरि प्रतिस्पर्धा गराई भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ९:** नेपालगन्ज उप–महानगरपालिकाको स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि,२०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रका लागि यस उप–महानगरपालिकामा विभिन्न मितिमा निवेदन पेश गरेका तपसिलका ब्यवसायीहरुलाई स्वीकृत मापदण्ड अनुसार ईजाजतपत्र दिने निर्णय गरियो ।

१. नरेनपूजा कन्सट्रक्सन फर्म प्रा.लि., नेपालगंज -४, बाँके ।

२. जारा कन्सट्रक्सन प्रा.लि., नेपालगंज -५, बाँके ।

३. वि.एण्ड वि.इनोभेटिव कन्सट्रक्सन एण्ड ट्रेडिङ्ग कन्सर्न प्रा.लि., नेपालगंज -५, बाँके ।

**निर्णय नं. १०:** यस नेपालगन्ज उपमहानगरपालिका कार्यक्षेत्र रहि सन्चालनमा रहेका यस उपमहानगरपालिकाको नियमन क्षेत्राधिकारका सहकारी संस्थाहरुलाई करको दायरामा समेट्न उपमहानगरपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गरेर मात्र संचालन गर्न लगाउने निर्णय गरियो ।



CamScanner

**मिति २०७९/०५/२९ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं. ११ :** यस नेपालगन्ज उपमहानगरपालिकालाई लर्ड बुद्ध एजुकेशनल एकेडेमी लि. को च.नं. ५ मिति २०७९।०५।२८ तथा १२ नं. वडा कार्यालयको च.नं. ३३५ मिति २०७९।०५।२८ को सिफारिस अनुसार बढी प्राप्त भएको **रु.२०,०७६।८९ (रु. बीस हजार छयत्तर र पैंसा उनानब्बे मात्र)** राजश्व फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. १२ :** श्री मारबाडी सेवा परिषद्, नेपालगंज (नेपाल) को मिति २०७६।५।१ को सार्वजनिक प्रयोगको लागि निर्माण हुने अतिथि भवन (Guest House) को लाग्ने शूल्क छुट गरी नक्सापास गर्न अनुरोध भई आए अनुसार आंशिक कार्य भईसकेकोले लाग्ने नक्सापास शूल्क छुट गरी सुपरस्ट्रक्चरको ईजाजत प्रदान गरिदिने निर्णय गरियो ।

**निर्णय नं. १३ :** यस नेपालगन्ज उपमहानगरपालिका अन्तर्गत संचालित सम्पूर्ण विद्यालयहरुको आधारभूत तह कक्षा (१-८) को स्थानीय पाठ्क्रम हाम्रो नेपालगंजलाई मिति २०७९।०५।२१ मा नगर शिक्षा समितिबाट लागु गर्ने गरी भएको निर्णयलाई अनुमोदन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।



CamScanner